नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**व्यवस्थापन सेवा विभाग**

## Auto Carbon Deposit Voucher, Institutional KYC Form र Double Entry Voucher छपाई गर्ने बारे सिलवन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४/१२/२६)**

यस बैंकको लागि आवश्यक तपसिल बमोजिमको Voucher तथा Form छपाईको लागि यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० दिनभित्र अर्थात मिति २०७५/०१/२५ गते कार्यालय समय भित्र बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागवाट बोलपत्र फाराम खरिद गरि ३१ औ दिन (मिति २०७५/०१/२६ गते ) दिउँसो ११:३० बजे भित्रमा बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा बोलपत्र पेश गर्नु हुन यो सूचना आह्वान गरिएको छ ।

| S.N | Particulars | Quantity |
|---|---|---|
| 1 | Auto Carbon Deposit Voucher ( 1 Pad = 100 leaf) | 40000 Pad |
| 2 | Institutional KYC Form ( 1 Pad = 100 leaf) | 1000 Pad |
| 3 | Double Entry Voucher ( 1 Pad = 100 leaf) | 5000 Pad |

१. बोलपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भै सप्लाईको लागि कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता नदिन पनि सकिने छ ।
२. बोलपत्रमा उल्लेख गर्नु पर्ने सबै कुराहरु स्पष्टरुपमा केरमेट नगरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. बोलपत्र खरिद गर्ने व्यक्ति/फर्म/कम्पनीको नाममा बोलपत्र दाखिला नभई अर्को नाममा दाखिला भएमा त्यस्ता बोलपत्रहरुलाई मान्यता दिईने छैन ।
४. बोलपत्रदाताले रु.६५,०००/- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको हि.नं. १ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा Voucher छपाई वापत लेखी बोलपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो रकम वरावरको न्यूनतम १२० दिन अवधि भएको अन्य वाणिज्य बैंकको बैंक ग्यारेण्टी अनिवार्य रुपले पेस गर्नु पर्नेछ । १२० दिन भन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको बोलपत्र स्वत: रद्द हुनेछ ।
५. बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम दिनवाट ९० दिनको हुनेछ ।
६. बोलपत्रमा उल्लेख भए बमोजिम Voucher र Form को संख्यामा बैंकले चाहेमा थपघट गर्न सक्नेछ वा बोलपत्र स्वीकृती भए पनि आवश्यक नपरेमा केहि वा सम्पूर्ण Voucher र Form बैंकले खरिद नगर्न पनि सक्नेछ ।
७ बोलपत्र फाराम यस विभागको व्यवस्थापन सेवा विभाग धर्मपथ काठमाडौंवाट ३० औं दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । बोलपत्रहरु यस सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहिदिन दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित व्यवस्थापन सेवा विभागमा खोलिनेछ । यदि बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त बोलपत्रहरु विना कारण आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
८. बोलपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सो को भोलीपल्टको दिन बोलपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र बोलपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ ।
९. बैंकमा प्राप्त हुन आउने बोलपत्रहरु मध्ये बाट कुनै कारण जनाई वा नजनाई घटी वा वढी दररेटवालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
१०. बोलपत्र दिंदा बैंकले उपलब्ध गराएको सम्पूर्ण बोलपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पेजको पुछारमा बोलपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।
११. बोलपत्र फारामको लागि रु.३,०००/-(फिर्ता नहुने) यस बैंकको काठमाडौं बैकिङ्ग स्थित प्रधान कार्यालय हिसाव नं. १ मा जम्मा गर्नु पर्नेछ र सो रसिदको आधारमा मात्र बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।
१२ बोलपत्र पेश गर्दा वन्दी खाममा वाहिर पट्टी आफुले छपाई गर्न चाहेको सामानहरुको बोलपत्र भनि प्रष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताहरुले सहि गरेको हुनु पर्दछ र खाममा लाहाछापले सिल गरिएको हुनु पर्दछ ।
१३ बोलपत्र पेश गर्दा बोलपत्रदाताले कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागमा फर्म/कम्पनी दर्ता भएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता भएको र अघिल्लो आर्थिक वर्ष २०७३/७४ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गरिएको हुनुपर्नेछ । कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको फोटोकपी नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपी बोलपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।
१४ रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
१५. बोलपत्र स्वीकृत भएको खण्डमा स्वीकृतीको जानकारी बैंकले सम्वन्धित बोलपत्रदातालाई दिनेछ । सोही अनुसार जानकारी प्राप्त गरेको १५ दिन भित्र बोलपत्रदाताले आफुले कबोल गरेको मुल्यको ५% ले हुन आउने रकम नगदै वा अन्य नेपाली वाणिज्य बैंकले जारी गरेको कम्तिमा १८० दिनको परफमेन्स बैंक ग्यारेण्टी साथै राखी बैंकसँग सम्झौता गर्नु पर्ने छ ।
१६. बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वार्थ बाझिने प्रकृतिको भएमा, जालसाजी गरेको पाईएमा, बोलपत्रदाता प्रचलित कानून बमोजिम अयोग्य रहेको पाईएमा बोलपत्र उपर कारवाही हुनेछैन ।
१७. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०७१ बमोजिम हुनेछ ।

प्रधान कार्यालय
व्यवस्थापन सेवा विभाग

# अटो कार्वन जम्मा भौचर, संस्थागत KYC फर्म र डवल इन्ट्री भौचर छपाई गर्ने बारे

# गोप्य सिलबन्दी बोलपत्र फाराम

**बोलपत्र फाराम मुल्य रु.३,०००/-**
**(रकम पछि फिर्ता नहुने गरि)**

**बोलपत्र फाराम जम्मा (आवरण पृष्ठ समेत) ४ पेजको छ।**

नेपाल बैंक लिमिटेड,
प्रधान कार्यालय,
व्यवस्थापन सेवा विभाग,
धर्मपथ, काठमाडौ ।

विषय : ४०,००० प्याड अटो कार्वन जम्मा भौचर, १,००० प्याड संस्थागत KYC फर्म र ५,००० प्याड डवल इन्ट्री भौचर छपाई गर्ने बारे सिलवन्दी बोलपत्र पेश गरेको ।

महाशय,

त्यस बैंकलाई आवश्यक ४०,००० प्याड अटो कार्वन जम्मा भौजर, १,००० प्याड संस्थागत KYC र ५,००० प्याड डवल इन्ट्री भौचर छपाई गर्ने बारे मिति २०७४/१२/२६ गतेको गोरखापत्रमा प्रकाशित गोप्य बोलपत्र सम्वन्धी सूचना अनुसार ४०,००० प्याड अटो कार्वन जम्मा भौजर, १,००० प्याड संस्थागत KYC र ५,००० प्याड डवल इन्ट्री भौचर संलग्न फाराममा उल्लेखित मुल्यमा त्यस बैंकलाई सप्लाइ गर्न मेरो/हाम्रो मन्जुरी भएकोले यो गोप्य बोलपत्र ( सिल टेण्डर ) पेश गरेकोछु । गरेकाछौं । यस बोलपत्र पेश गर्दा फाराममा संलग्न शर्त सुविधाहरु पढी बुझि सो नियम एवं शर्त सुविधाहरु मान्न मन्जुर गरेकोछु । गरेकाछौं । बोलपत्रमा उल्लेख गरिए अनुसारको विड वण्ड जमानत वापत जम्मा मुल्य रु.६५,०००/- (अक्षरुपी पैसठी हजार मात्र) बैंकमा नगदै जम्मा गरी सोको नगदी रसिद थान/बैंक ग्यारेण्टी यसै साथ संलग्न गरेको छु । गरेका छौं ।

मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा बोलपत्र फाराम साथ संलग्न नियम एवं शर्तका साथै पछि हुने सम्झौता अनुरुप चेक सप्लाई गर्नेछु । गर्नेछौं । नियम एवं शर्तका साथै सम्झौता बमोजिम कार्य सम्पादन नभएमा वा नियम एवं शर्तको उल्लंघन भएमा नियम बमोजिमको हर्जाना बुझाउन समेत मन्जुर गर्दछु/गर्दछौं ।

भबदीय,

(क) टेण्डर पेश गर्ने व्यक्ति / फर्मको
पुरा नाम

दस्तखत :

(ख) पुरा ठेगाना :
(फोन नं. समेत)

(व्यक्ति । फर्मको तर्फबाट सहि गर्ने)

(ग) फर्म रजिष्टर्ड नं.

नाम, थर :

(घ) रजिष्टर भएको कार्यालय :
(ङ) फर्मको छाप :

ठेगाना :
(फोन नं. समेत)
मिति :

## गोप्य बोलपत्र (सिल टेण्डर) पेश गर्नेले पालना गर्नु पर्ने नियम एवं शर्त सुविधाहरु

१. बोलपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भै सप्लाईको लागि कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता नदिन पनि सकिने छ ।

२. बोलपत्र फाराममा दररेट अंक एवं अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा लेखेको फरक हुन गएमा अक्षरबाट लेखिएको रकमलाई मान्यता दिइनेछ । रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. बोलपत्रदाताले रु.६५०००/- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको हि.नं. १ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा जम्मा गर्नुको कारण वा विवरण र बोलपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो रकम वरावरको न्यूनतम १२० दिन अवधि भएको अन्य वाणिज्य बैंकको बैंक ग्यारेण्टी अनिवार्य रुपले पेस गर्नु पर्नेछ । १२० दिन भन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको बोलपत्र स्वतः रद्द हुनेछ ।

४. बोलपत्रमा उल्लेख भए बमोजिम छपाई सामानको संख्यामा बैंकले चाहेमा थपघट गर्न सक्नेछ वा बोलपत्र स्वीकृती भए पनि आवश्यक नपरेमा केहि वा सम्पूर्ण सामान बैंकले खरिद नगर्न पनि सक्नेछ ।

५. बोलपत्रहरु यस सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहिदिन दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित व्यवस्थापन सेवा विभागमा खोलिनेछ । यदि बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त बोलपत्रहरु विना कारण आशिंक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

६. बोलपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सोको भोलीपल्टको दिन बोलपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र बोलपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ । बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितिमा यस बैकको प्रधान कार्यालय व्यवस्थापन सेवा बिभागमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नभएमा बोलपत्र खोल्नलाई बाधा पर्ने छैन ।

७. बैंकमा प्राप्त हुन आउने बोलपत्रहरु मध्येबाट कुनै कारण जनाई वा नजनाई घटी वा वढी दररेटवालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।

८. बोलपत्र दिंदा बैंकले उपलव्ध गराएको सम्पूर्ण बोलपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पेजको पुछारमा बोलपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

९. बोलपत्र फारामको लागि रु.३,०००/-(फिर्ता नहुने) यस बैंकको प्रधान कार्यालय हिसाव नं. १ मा जम्मा गर्नु पर्नेछ र सो रसिदको आधारमा मात्र बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

१०. बोलपत्र पेश गर्दा वन्दी खाममा वाहिर पट्टी आफुले सप्लाई गर्न चाहेको सामानहरुको बोलपत्र भनि प्रष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताहरुले सहि गरेको हुनु पर्दछ र खाममा लाहाछापले सिल गरिएको हुनु पर्दछ ।

११. बोलपत्र पेश गर्दा बोलपत्रदाताले नेपाल सरकार आन्तरिक राजस्व कार्यालयबाट जारी आयकरको स्थायी नम्वर वा मूल्य अभिबृद्धि करको प्रमाणपत्रको प्रतिलिपी, कम्पनी रजिष्टारको कार्यालय वा बाणिज्य बिभाग वा घरेलु उद्योग बिभाग वा सम्वन्धित निकायमा दर्ता गरेको प्रमाणको प्रतिलिपी र अघिल्लो आ.व. २०७३/७४ को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको फोटोकपी नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपी बोलपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।

१२ रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

१३. बोलपत्र स्वीकृत भएको खण्डमा स्वीकृतीको जानकारी बैंकले सम्वन्धित बोलपत्रदातालाई दिनेछ । सोही अनुसार जानकारी प्राप्त गरेको १५ दिन भित्र बोलपत्रदाताले आफुले कबुल गरेको मुल्यको ५% ले हुन आउने रकम नगदै वा अन्य नेपाली वाणिज्य बैंकले जारी गरेको परफमेन्स बैंक ग्यारेण्टी साथै राखी बैंकसँग सम्झौता गर्नु पर्ने छ ।

१४. बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वार्थ बाझिने प्रकृतिको भएमा, जालसाजी गरेको पाईएमा, बोलपत्रदाता प्रचलित कानून बमोजिम अयोग्य रहेको पाईएमा बोलपत्र उपर कारवाही हुनेछैन ।

१५. बोलपत्रदाता सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्थाको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

१६. अन्य ब्यहोरा खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

| सि.नं | सामानको विवरण (संलग्न नमुना बमोजिमको ) | कुल संख्या | प्रति प्याड रकम VAT सहित | कुल रकम VAT सहित | कुल रकम (अक्षरमा ) |
|---|---|---|---|---|---|
| १ | Auto Carbon Deposit Voucher ( 1 Pad = 100Leaf) | ४०,००० प्याड | | | |
| २ | Institutional KYC Form ( 1 Pad= 100 Leaf , at 80gsm wood free paper) | १,००० प्याड | | | |
| ३ | Double Entry Voucher ( 1 Pad= 100 Leaf) | ५,००० प्याड | | | |

टेण्डर पेश गर्ने व्यक्ति / फर्मको
पुरा नाम

सहिः

छाप :